# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎ ९८५८०६५१११
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८०/०८१
च. नं. : २१५४

मिति: २०८०।११।०९

**हामी अभिभावक कार्यक्रम सञ्चालन सम्बन्धि सूचना**
**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०।११।९**

यस नगरपालिकाको आ. व.०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार हामी अभिभावक कार्यक्रम सञ्चालनको लागि देहायका मापदण्ड पुगेका बालबालिकाहरुले तोकिएको आवश्यक कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले (१५) दिनभित्र यस नगरपालिकाको आवासीय छात्रावास सञ्चालन कार्यविधि,२०८० को अनुसूचि १ बमोजिमको आवेदन फाराम भरि यस नगरपालिकामा आवेदन दिन हुन मिति २०८०।११।०९ को सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१ .देहायका बालबालिका
- आमा र बाबु दुबैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,
- आमा र बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,
- आमा र बाबु दुबैको मृत्यु भई आफन्तको रेखदेखमा रहेका बालबालिका,
- आमा र बाबु दुवै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्ग भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,
- आमा वा बाबु मध्ये कुनै एकको मृत्यु, बेपत्ता, दोस्रो विवाह गरि टाढा बसेका, बौद्धिक तथा इन्द्रिय सम्बन्धि दीर्घकालिन अशक्तता भएका, बाबुको पहिचान नभएका वा पूर्ण अपाङ्ग भई एकल अभिभावक सँग बसिरहेका बालबालिका,
- आमा वा बाबु भएपनि आफ्नो सम्पत्ति नभएको (अति गरिब), स्याहारसुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको (वेसहारा),

२. कोटा संख्याः- १२ जना
३. छनोटको लागि योग्य बालबालिकाको उमेर: ८ वर्ष पूरा भई १५ वर्ष ननाघेको
४. आवश्यक कागजातहरु:
(क) जन्मदर्ताको प्रमाणित प्रतिलिपी। (ख) अभिभावक। संरक्षकको नागरिकताको प्रमाणित प्रतिलिपी।
(ग) २ प्रति फोटो। (घ) सम्बन्धित वडाको सिफारिस।
५. सुविधा, छनोट लगायत अन्य कार्यविवरण: गुर्भाकोट नगरपालिकाको आवासीय छात्रावास सञ्चालन कार्यविधी, २०८० बमोजिम
६. थप जानकारी र फारम पाइने स्थानः गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय शुभाघाट, सुर्खेत।

(पूर्ण वहादुर खत्री)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
१. श्री वडा कार्यालय (सबै), गुर्भाकोट नगरपालिका, सुर्खेत।
२. श्री सूचना प्रविध शाखाः वेभाईटमा अपलोड गरिदिनुहुन।

पूर्ण वहादुर खत्री
प्रमुख प्रशासकीय अधि...



CamScanner